

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्याको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिक)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क ३४४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० पुस २३ गते सोमबार ❑ 8 Jan. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-


## राष्ट्रियसभा निर्वाचनका लागि अन्तिम मतदाता नामावली प्रकाशन

रासस
काठमाडौं, २२ पुस

निर्वाचन आयोगले राष्ट्रियसभा निर्वाचनका लागि अन्तिम मतदाता नामावली प्रकाशन गरेको छ। आयोगले आइतबार विज्ञप्ति जारी गरी राष्ट्रियसभा निर्वाचनका लागि अन्तिम मतदाता नामावली प्रकाशन गरेको हो । सातवटै प्रदेशको निर्वाचन अधिकृतको कार्यालयमा आज अन्तिम नामावली प्रकाशन भइसकेको आयोगले जनाएको छ।

आयोगका अनुसार सातवटै प्रदेशमा प्रदेशसभाका मतदाता पाँच सय ४९ रहेका छन् भने स्थानीय तहका एक हजार चार सय ९८ रहेका छन् । जसमा प्रदेशसभामा प्रतिमतदाताको ५३ मतभारका दरले जम्मा मतभार २९ हजार ९७ रहेको छ भने स्थानीय तहको प्रतिमतदाताको १९ मतभारका दरले जम्मा मतभार २८ हजार चार सय ६२ रहेको छ । दुवैतर्फ गेरर दुई हजार ४७ मतदाताको जम्मा मतभार ५७ हजार पाँच सय ५९ रहेको छ । प्रदेशगत हिसाबले कोशी प्रदेशमा प्रदेशसभा सदस्यतर्फ ९३ र गाउँपालिका अध्यक्ष र उपाध्यक्ष तथा नगरप्रमुख र उपप्रमुखतर्फ दुई सय ७४ जना गरी तीन सय ६७ जना मतदाता रहेको छ । कोशी प्रदेशसभा सदस्यको मतभार चार हजार नौ सय २९ रहेको छ । पालिका अध्यक्ष र उपाध्यक्ष तथा नगरप्रमुख र उपप्रमुख गरी पाँच हजार दुई सय ६ मतभार छ। कोशी प्रदेशमा कूल १० हजार एक सय ३५ मतभार कायम हुने उल्लेख गरिएको छ।

त्यस्तै मधेस प्रदेशमा प्रदेशसभा सदस्यको एक सय सात, पालिका अध्यक्ष र उपाध्यक्ष तथा प्रमुख र उपप्रमुख दुई सय ६७ गरी जम्मा तीन सय ७४ जना मतदाता छन् । प्रदेशसभा सदस्यको मतभार पाँच हजार ६ सय ७१ र पालिका अध्यक्ष र उपाध्यक्ष तथा प्रमुख र उपप्रमुखको पाँच हजार ७३ गरी जम्मा १० हजार सात सय ४४ मतभार कायम हुनेछ ।

बागमती प्रदेशमा प्रदेशसभा सदस्यतर्फ एक सय १० तथा पालिका अध्यक्ष र उपाध्यक्ष तथा प्रमुख र उपप्रमुखतर्फको मतदाता सङ्ख्या दुई सय ३७ गरी जम्मा तीन सय ४७ जना मतदाता कायम भएका छन् । बागमतीमा प्रदेशसभा सदस्यको मतभार पाँच हजार आठ सय ३० र पालिकाका अध्यक्ष र उपाध्यक्ष तथा प्रमुख र उपप्रमुखतर्फको मतभार चार हजार पाँच सय तीन गरी जम्मा १० हजार तीन सय ३३ मतभार कायम हुनेछ । गण्डकी प्रदेशमा प्रदेशसभा सदस्यतर्फ ६० तथा पालिका अध्यक्ष र उपाध्यक्ष तथा प्रमुख र उपप्रमुखतर्फका मतदाता एक सय ७० गरी जम्मा दुई सय ३० जना मतदाता कायम भएका छन् । गण्डकीमा प्रदेशसभा सदस्यको मतभार तीन हजार एक सय ८० र पालिका अध्यक्ष र उपाध्यक्ष तथा प्रमुख र उपप्रमुखको मतभार तीन हजार दुई सय ३० गरी जम्मा ६ हजार चार सय १० मतभार कायम हुनेछ । लुम्बिनी प्रदेशमा प्रदेशसभा सदस्यको मतदाता सङ्ख्या ८७ तथा गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा प्रमुख र उपप्रमुखतर्फको मतदाता सङ्ख्या दुई सय १८ गरी जम्मा तीन सय पाँचजना मतदाता कायम भएका छन् । लुम्बिनी प्रदेशमा प्रदेशसभा सदस्यको मतभार चार हजार ६ सय ११ र पालिकाका अध्यक्ष र उपाध्यक्ष तथा प्रमुख र उपप्रमुखतर्फको मतभार चार हजार एक सय ४२ गरी जम्मा आठ हजार सात सय ५३ मतभार कायम हुने आयोगले जनाएको छ। कर्णालीमा प्रदेशसभा सदस्यको सङ्ख्या ४० छ। पालिका अध्यक्ष र उपाध्यक्ष तथा प्रमुख र उपप्रमुख एक सय ५६ जना छन् । प्रदेशसभाको मतभार दुई हजार एक सय २० र पालिकाको दुई हजार नौ सय ६४ गरी कर्णालीमा जम्मा मतभार पाँच हजार ८४ हुनेछ ।

सुदूरपश्चिम प्रदेशमा प्रदेशसभा सदस्यतर्फको मतदाता सङ्ख्या ५२ तथा गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा प्रमुख र उपप्रमुखतर्फको मतदाता सङ्ख्या एक सय ७६ गरी जम्मा दुई सय २८ जना मतदाता कायम छन् । जसअनुसार प्रदेशसभा सदस्यको दुई हजार सात सय ५६ र पालिकाका तीन हजार तीन सय ४४ गरी जम्मा ६ हजार एक सय मतभार कायम रहेको आयोगले जनाएको छ।

## पत्रकार महासंघ कास्कीमा विषयवस्तु लेखन तालिम

पोखरापत्र संवाददाता
पोखरा, २२ पुस




नेपाल पत्रकार महासंघ कास्कीले विषयवस्तु लेखन तालिम सुरु गरेको छ । आइतबार देखि महासंघको सभाहलमा सुरु भएको तालिम सोमबार सम्म चल्नेछ । तालिममा प्रशिक्षकका रुपमा राष्ट्रिय समाचार समिति (रासस) का प्रधान सम्पादक एकराज पाठक, दि राइजिङ नेपालका पत्रकार मोदनाथ ढकाल रहेका छन् । तालिमकै समय पोखराबाट पत्रकारिता गरिरहेका क्रियाशिल पत्रकारहरुले आफ्नो अनुभव समेत सुनाउनेछन् ।

आइतबार भएको सेसनमा मोदनाथ ढकालले मिडिया नीति बनाउनुपर्ने आवश्यकतालाई औंल्याएका छन् । उनका अनुसार समाजले अपेक्षा गरेका विषयवस्तु मिडियामा आउनुपर्छ । प्रतिस्पर्धाले मिडियामा कन्टेन्टको मागलाई सिर्जना गर्ने उनले बताए । पत्रकारमा सबै भन्दा महत्वपूर्ण कुरा लेख्न सक्ने खुबी हुनुपर्ने धारणा उनको छ । फण्डामेण्टल स्किल नै नभएको पत्रकार काम नभएको उनले उल्लेख गरे । 'पत्रकारले के लेख्न सक्छ त्यो महत्वपूर्ण हो', उनले भने,'तपाईले सिर्जना गर्ने कन्टेन्टले तपाई बिक्नु हुन्छ ।' सूचना खोज्न सक्ने खुबी पत्रकारमा हुनुपर्ने ढकालले बताए । स्रोतसँगको सम्बन्ध सबै भन्दा महत्वपूर्ण भएको भनाई उनको छ । पढ्ने, हेर्ने, सुन्ने मान्छेले पत्रकारलाई पत्याउने गरी कन्टेन्ट तयार पार्नुपर्ने उनले बताए । पत्रकार महासंघ कास्कीकी अध्यक्ष विमला भण्डारीले विषयवस्तुको लेखन सम्बन्धि तालिम आवश्यक रहेकाले आयोजना गरिएको जानकारी गराइन् ।

'पत्रकारितामा आजको समय भनेको विषयवस्तुको खोजी हो', उनले भनिन्, 'जसमा हामी कतिपय पत्रकार कमजोर छौं । यो तालिमले विषयवस्तुको पहिचान र छनोट गर्न सहज बनाउने छ ।' भण्डारीले पत्रकारितालाई निखार्न विषयवस्तु सम्बन्धि दुई दिने तालिम गरिएको बताइन् । पत्रकार महासंघ कास्कीका पूर्व अध्यक्ष पुण्य पौडेलले विषयवस्तु लेखन सम्बन्धि तालिमको आयोजना गरेर पत्रकार महासंघ कास्कीले सह्रानिय काम गरेको उल्लेख गरे । उनका अनुसार आजको समय विषयवस्तुको छनोट मूल कुरा हो । तालिम संयोजक पत्रकार महासंघ कास्कीका उपाध्यक्ष रामप्रसाद तिमिल्सिनाले स्वागत गरेको तालिमको पहिलो दिन आज पोखराका क्रियाशिल पत्रकार भरत कोइराला (आदर्श समाज), केशव शरण लामिछाने (अन्नपूर्ण पोष्ट), बासुदेव मिश्र (नेपाल खबर), दिपक परियार (कान्तिपूर) ले आफ्नो अनुभव सुनाएका थिए ।ब तालिममा पोखरामापत्रकारिताक्षेत्रमालागिरहेका प्रशिक्षार्थीहरुको सहभागिता छ ।

## कृषि यान्त्रीकरण प्रदर्शनीमा ५० लाख नगद कारोवार सहित ६ करोडको बुकिङ

पोखरापत्र संवाददाता
पोखरा, २२ पुस



पोखरामा आइतबार सम्पन्न भएको प्रथम प्रादेशिक कृषि यान्त्रीकरण प्रदर्शनीमा ५० लाखको नगद कारोवार सहित ६ करोड मुल्य बराबरको बुकिङ भएको ।

पोखरा प्रदर्शनी केन्द्रमा तीन दीन चलेको उक्त प्रदर्शनीमा करिब २८ हजार दर्शक भित्रिदा ५० लाखको नगद कारोवार सहित ६ करोड मुल्य बराबरको कृषि सामाग्रिहरुको बुकिङ भएको नेपाल कृषि मेसिनरी व्यापारी संघका अध्यक्ष कृष्ण शर्माले बताउनु भयो । २०७० सालमा चितवनको नारायणगढबाट सुरु भएको उक्त प्रदर्शनी यस बर्ष गण्डकी प्रदेशको राजधानि पोखरामा आफुहरुले अपेक्षा गरे भन्दा पनि बढी सफलता हासिल गर्न सफल भएको उहाँले दाबी गर्नु भयो । आगामी बर्ष प्रदेशमा उक्त प्रदर्शनी गर्न माग भए अनुसार आफुहरुले पुनः आयोजना गर्न सकिने धेरै आधार पहिलो प्रदर्शनीबाट भएको अध्यक्ष शर्माको भनाई छ । उक्त प्रदर्शनीमा नेपाल सहित भारत, चाइना, जापान, डेनमार्ग, थाइल्याण्ड सहित १० बढी मुलुकबाट कृषि औजार, उपकरण तथा प्रबिधिहरू प्रदर्शनी एवं बिक्रि भएको थियो । कृषि यान्त्रीकरणको प्रबर्द्धन र सचेतना गराउने उद्देश्यले आयोजना भएको उक्त प्रदर्शनीमा न्यूनतम १० प्रतिशत देखि ३० प्रतिशतसम्म छुट भएको अध्यक्ष शर्माले दाबी गर्नु भयो । प्रदर्शनीमा ६० भन्दा बढी व्यावसायिक तथा सेवामुलकका ७० वटा स्टलहरू भएको अध्यक्ष शर्माले बताउनु भयो ।

उक्त कार्यक्रममा करिब ४० जिल्लाका सहभागी भएको उहाँले जनाउनु भयो । प्रदर्शनीमा कृषि औजार, उपकरण, प्रविधि उत्पादक उद्यमी व्यवसायीहरु, आयातकर्ता, वितरक, डिलर, सब-डिलरहरु, सरकारी संघ संस्थाहरु, कृषि विज्ञ, अनुसन्धानकर्ता, शैक्षिक संस्थाहरु, अनुसन्धान संस्थाहरु सेवा प्रदायक कृष कृषक समूह, सहकारी संघ संस्थाहरु, बैंक तथा वित्तीय संस्थाहरूको सहभागीता भएको छ । प्रदर्शनीमा नेपालको कृषि तथा पशुपालन क्षेत्रलाई यान्त्रीकरण, औधोगिकरण, आधुनिकीकरण तथा व्यवसायीकरण गर्न टेवा पुर्याउने उद्देश्यले आयोजना गरिएको यस प्रदर्शनीमा आधुनिक कृषि, पशुपालन, मत्स्यपालन, पुष्प खेती, व्यवसायीक तरकारी खेती र प्रशोधन तथा बजारीकरण सम्बन्धी आधुनिक यन्त्र, उपकरण तथा प्रविधिका सामाग्री, बीउबिजन, आधुनिक सिंचाई लगायतको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा रहेका प्रतिष्ठित कम्पनिहरुको सहभागिता रहेको संघले जनाएको छ । गण्डकी प्रदेश, कृषि विकास निर्देशनालय-मालेपाटन, पोखरा, पोखरा महानगरपालिका, पोखरा, कास्की, नेपाल सरकार, कृषि पुर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन केन्द्र, हरिहरभवन र यस संघको संयुक्त आयोजनामा उक्त कार्यक्रम भएको हो । कृषि यान्त्रीकरण प्रवर्द्धन सम्बन्धी गोष्ठी, सेमिनार, रैथाने वालीहरुको परिकार प्रदर्शन तथा कृषि जैविक विविधता संरक्षण सम्बन्धी प्रदर्शनी, कृषि जैविक विविधता संरक्षण सम्बन्धी छलफल/अन्तरक्रिया भएको थियो । यसपालीको प्रदर्शनीमा हाट ट्र्याक्टर रैथाने वालीमा दर्शकको बढी चासो गएको अध्यक्ष शर्माले बताउनु भयो । यसैबिच, उक्त प्रदर्शनीको पोखरा मेयर धनराज आचार्यले आइतबार समापन गर्दै यस्ता प्रदर्शनीले असली किसानलाई प्रोत्साहन हुने विश्वास व्यक्त गर्नु भयो । कृषिलाई व्यवसायीक र यात्रिकिकरण तथा प्रविधिको प्रयोग गरी धेरै उत्पादन गर्ने गरी कृषिजन्य बस्तु उत्पादनमा लाग्ने मेयर आचार्यले किसानलाई आग्रह गर्नु भयो ।

## पिएम कप क्रिकेट छनौटमा नवलपुर माथि तनहुँको जित

पोखरापत्र संवाददाता
पोखरा, २२ पुस

पोखरा रंगशालामा जारी गण्डकी प्रदेश स्तरिय पिएम कप क्रिकेट छनौट अन्तर्गत आइतबार भएको खेलमा तनहुँले जित हासिल गरेको छ ।

आइतबारको खेलमा तनहुँले नवलपुरलाई १० रनको फिनो अन्तरले पराजित गरेको हो । पहिला टस जितेर व्याटिङमा उर्त्रिएको तनहुँले निर्धारित ५० ओभरको खेलमा २४.१ ओमरमै अलआउट हुदै १ सय १० रनको योगफल तयार पार्‍यो । १ सय ११ फिनो रनको लक्ष्य पाएको नवलपुरले उत्कृष्ट खेल प्रर्दशन गर्न नसक्दा १० रनको फिनो अन्तरले हार व्यहोर्नु पर्‍यो ।

नवलपुर २४.१ ओभरमा अल आउट हुदै १ सय रनमै समेटियो । तनहुँको जितमा ९ विकेट लियर चमत्कारी खेल प्रर्दशन गरेका तनहुँका सन्दिप पराजुली खेलमा म्यान अफ दी म्याच घोषित भए । उनलाई पोखरा १४ का वडा अध्यक्ष बोधराज कार्कीले ट्रफीको साथमा नगद २ हजार प्रोत्साहन स्वरुप पुरस्कार प्रदान गर्नु भएको छ । कास्कीका विशाल पौडेलले ३ र कमल पराजुली तथा कुमार रानाले समान २/२ विकेट लिए । तनहुँको जितमा कृष्ण एरिले ४१, समिर कर्णेलले १८ रन जोड्दा नवलपुरका गोविन्द बि.क. २७, प्रमिश अर्यालले २२, राजन काफ्लेले १५ रन जोडे । पुष २३ गते सोमबार तनहुँ र पर्वत बिच खेल हुने भएको प्रादेशिक क्रिकेट संघ गण्डकीका अध्यक्ष संजयकान्त सिग्देलले बताउनु भयो । शनिबार स्याङजाले कास्कीलाई पराजित गरेको थियो ।


### जाडोबाट बच्न निम्न उपायहरू अबलम्बन गरौं

◆तातो, झोलिलो पदार्थ प्रशस्त मात्रामा पिउने गरौं ।
◆न्यानो कपडा लगाऔं,
◆घाम वा आगो तापौं,
◆तेल मालिस गरौं,
◆शारीरिक व्यायाम गरौं,
◆बालबालिका, जेष्ठ नागरिक तथा अशक्तले सकेसम्म चिसोको समयमा घरबाहिर ननिस्कौं,
◆ताजा र पौष्टिक खानेकुरा खाऔं,
◆जाडोबाट बच्ने नाममा धूम्रपान तथा मद्यपान नगरौं,
◆ स्वास्थ्यमा कुनै समस्या परेमा चिकित्सक वा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्पलेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# कास्की वचत संघमा शेरबहादुर

**पोखरापत्र संवाददाता**
पोखरा, २२ पुस



कास्की वचत तथा ऋण सहकारी संघ लिमिटेडको अध्यक्षमा शेरबहादुर कार्की चयन हुनु भएको छ । संघको २३ औं साधारण सभाले ११ सदस्यीय सञ्चालक समिति र लेखा समिति निर्विरोध निर्वाचित गरेको हो ।

संघको उपाध्यक्षमा इश्वरप्रसाद सुवेदी,सचिव मिनराज तिमिल्सिना, कोषाध्यक्ष केशवशरण पौडेल राष्ट्रिय प्रतिनिधि बर्षाकेशवर पराजुली र सदस्यहरुमा किरण अधिकारी, दिपकराज घिमिरे, जानकी अधिकारी, मेनका पौडेल, बृन्दा सुवेदी, र कल्पना श्रेष्ठ निर्वाचित हुनु भएको छ । साधारण सभाले केशवप्रसाद ढकालको संयोजकत्वमा कृष्णप्रसाद पोखरेल र किसान परियार सदस्य रहनुभएको लेखा सुपरिवेक्षण समिति समेत गठन गरेको छ । गण्डकी प्रदेश सहकारी विभागका रजिष्ट्रार भेषराज रिजालले साधारण सभाको उद्घाटन गर्दै सहकारी संस्थाको पुँजी उत्पादन क्षेत्रमा लगानी हुनु पर्ने आवश्यकता औल्याउनुभयो । नीति र विधि विपरित सञ्चालन हुँदा सहकारीमा चुनौती देखिएको उल्लेख गर्दै उहाँले सञ्चालक समितिको गतिविधिका वारेमा शेयर सदस्य सचेत हुनु पर्नेमा जोड दिनुभयो । कार्यक्रममा बखान सहकारी अवार्डबाट सनराईज वचत तथा ऋण सहकारी संस्था र राईफासन सहकारी अवार्डबाट जनसेवा वचत तथा ऋण सहकारी संस्थाका व्यवस्थापक प्रेमसागर अधिकारीलाई सम्मान गरिएको थियो । कास्की जिल्लामा ६६० वटा सहकारी संस्थामध्ये ४०५ वटा वचत तथा ऋण सहकारी संस्थामा शेयर पुँजी दुई अर्व, निक्षेप १८ अर्व , ऋण प्रवाह २० अर्व रहेको संस्थाले दुई हजार पाँचसय जनालाई प्रत्येक्ष रोजगार दिदै आएको साधारणा सभामा अध्यक्ष भेषराज बरालले प्रस्तुत गर्नुभएको प्रतिवेदनमा उल्लेख छ ।

कार्यक्रमा नेप्सुन केन्द्रीय संचालक सदस्य कमला गिरी, जिल्ला सहकारी संघ कास्कीका अध्यक्ष सावित्री कोइराला, संस्थाका निवर्तमान अध्यक्ष सुदिपमोहन ढकाल, दुग्ध सहकारीका पुण्यप्रसाद पौडेल, संघका उपाध्यक्ष श्रीकान्त ढुङ्गाना, सचिव ईश्वरप्रसाद सुवेदी, कोषाध्यक्ष शेरबहादुर कार्की लगायतले कतिपय सहकारी संस्थामा देखिएको समस्या र चुनौतिको सामना गर्नका लागि नियमन निकाय एवम् सरोकारवालाले सकृयता बढाउनु पर्ने खाँचो औल्याउनुभयो ।

# माछापुच्छ्रे गाउँपालिमा प्रदेश स्तरीय अन्तरपालिका भलिबल प्रतियोगितामा २० टिम सहभागी

**पोखरापत्र संवाददाता**
पोखरा, २२ पुस

कास्कीको माछापुच्छ्रे गाउँपालिकामा यही पुषको २६ गतेदेखि सुरु हुने दोस्रो संस्करणको माछापुच्छ्रे गाउँपालिका अध्यक्षकप गण्डकी प्रदेश स्तरीय अन्तर पालिका स्तरीय पुरुष भलिबल प्रतियोगिताको तयारी तिव्र पारिएको छ ।

कास्कीको माछापुच्छ्रे गाउँपालिका खेलकुद विकास समितिको आयोजनामा माछापुच्छ्रे गाउँपालिका वडा नम्बर ३ घाचोकमा हुने उक्त प्रतियोगिताको तयारी तिव्र पारिएको माछापुच्छ्रे गाउँपालिका खेलकुद विकास समितिका सचिव होम प्रसाद गुरुङले बताउनु भयो । प्रतियोगितामा कास्की सहित गण्डकी प्रदेशका अधिकांश जिल्लाबाट टिमको सहभागिता हुने भएको उहाँले जनाउनुभयो । उक्त प्रतियोगितामा कास्कीका माछापुच्छ्रे गाउँपालिका सहित रुपा, मादी, अन्नपूर्ण गाउँपालिका र पोखरा महानगरपालिकाको सहभागिता हुने भएको छ भने त्यसै गरी तनहुँ, स्याङजा, नवलपुर, पर्वत, म्याग्दीबाट समेत टिमहरु सहभागि हुने भएको छ । प्रतियोगितामा करिब २० टिमको सहभागिता हुने भएको संयोजक गुरुङले जनाउनु भयो । नेपालको राष्ट्रिय खेलको प्रबर्द्धन गर्दै ग्रामिण पर्यटनको प्रबर्द्धन गर्न उक्त प्रतियोगितालाई निरन्तरता दिदै आएको गाउँपालिकाकी उपाध्यक्ष सीता अधिकारीले बताउनु भयो । उक्त प्रतियोगिताको पुरस्कार राषिमा यस बर्ष बृद्धि गरिएको छ ।

गत बर्षको तुलनामा विजेतालाई यस बर्ष एक लाख थप गरी ३ लाख नगद पुरस्कार प्रदान गरिने भएको छ । प्रतियोगिताको उपविजेतालाई भने २ लाख र सेमीफाइनलमा प्रबेश गरेका बाँकी दुई टिमलाई जनही ५०/५० हजार रुपैयाँ, ट्रफी मेडल र प्रमाणपत्र प्रदान गरिने भएको भएको छ । प्रतियोगितामा उत्कृष्ट खेलाडीलाई ७ हजार त्यसै गरी विभिन्न विधागत तर्फ उत्कृष्ट स्पाइकर, मिडल ब्लकर, डिफेन्डर, सेटर, सर्भर र प्रशिक्षकलाई जनही ५ हजारका दरले पुरस्कार प्रदान गर्ने भएको सामाजिक विकास समितिका संयोजक एवं माछापुच्छ्रे ९ का वडाध्यक्ष हरी बहादुर क्षत्रीले बताउनु भयो । प्रतियोगिता सम्पन्न गर्न करिब १२ लाख ८३ हजार रुपैयाँ खर्च हुने आयोजकले दाबी गरेको छ ।

भलिबल खेलको अतिरिक्त साँस्कृतिक एवं मनोरञ्जनात्मक कार्यक्रम समेत प्रस्तुतः हुने भएको प्रमुख प्रशासकिय अधिकृत गोपीकृष्ण अर्यालले बताउनु भयो । प्रतियोगिता माछापुच्छे गाउँपालिका कार्यालयको मुख्य सहयोग र वडा नम्बर ३ कार्यालयको समन्वय तथा माछापुच्छे गाउँपालिका भलिवल संघको व्यवस्थापनमा सञ्चालन हुने भएको हो । पर्यटकीय गाँउको उक्त खेलले खेल पर्यटनमा प्रबर्द्धन गर्ने माछापुच्छ्रे ८ का वडाध्यक्ष राम गुरुङ्गले बताउनु भयो ।

# गण्डकी प्रदेशस्तरीय राष्ट्रपति कप फागुन १० गतेबाट हुने

**पोखरापत्र संवाददाता**
पोखरा, २२ पुस

गण्डकी प्रदेशस्तरीय राष्ट्रपति कप रनिङ शिल्ड प्रतियोगिता फागुन १० देखि १२ गते सम्म हुने भएको छ ।

प्रदेश खेलकुद परिषद गण्डकीका सदस्य सचिव एवं उक्त प्रतियोगिता समन्वय समितिका संयोजक श्रीधर शर्माको अध्यक्षतामा आइतबार सम्पन्न बैठकले उक्त निर्णय गरेको हो । यस अघि गत कार्तिक १५ गतेको बैठकले प्रतियोगिता यहि पौष २६ देखि २८ गते सम्म गर्ने निर्णय गरेको थियो । प्राविधिक कारणले केही जिल्लास्तरीय प्रतियोगिताहरु पूर्व निर्धारित समयमा हुन नसकेका कारण प्रतियोगिता आयोजनाको मिति सारीएको सदस्य सचिव शर्माले जानकारी दिएका छन् । "हामीले पौष १५ गते सम्म जिल्लास्तरीय प्रतियोगिता सम्पन्न गर्न निर्देशन दिएका थियौं" सदस्य सचिव शर्माले भने-"बाग्लुङ, म्याग्दी, लमजुङ, र पर्वतमा समयमा प्रतियोगिता हुन सकेन । त्यसैका कारण हामीले फागुनमा गर्ने निधो गरेका छौं ।" सम्पन्न बैठकले नवलपुरका विभिन्न ८ वटा पालिकाहरुबाट प्रतिवद्धता भएको रकम माघ १५ गते सम्म प्राप्त भएमा राष्ट्रपति रनिङ शिल्ड नवलपुरमा नै आयोजना गर्ने निर्णय गरेको छ । स्थानिय पालिकाहरुबाट प्रतिवद्धता भएको ३० लाख प्राप्त नभएमा प्रतियोगिता कास्कीमा नै हुने जनाइएको छ । निर्णयमा भनिएको छ-"पालिकाहरुबाट प्रतिवद्धता भएको रकम उपलब्ध गराउन जिल्ला खेलकुद समन्वय समिति नवलपुरलाई आग्रह गर्ने तथा सहयोग रकम उपलब्ध हुनासाथ खेल मैदानहरुको मर्मत सुधार, यातयात तथा होटल ब्यवस्थापनको सम्पूर्ण जिल्ला खेलकुद विकास समिति नवलपुरलाई जिम्मेवारी प्रदान गरिने छ ।" यसै गरी राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको कार्यविधि समेत संसोधन भएको र खेलाडीहरु समेत थप भएका तथा समय समेत थप्नु पर्ने बाध्यता रहेकोले प्राप्त सर्शत अनुदानको रकम थप गर्न राष्ट्रिय खेलकुद संग थप बजेट माग गर्ने निर्णय समेत गरेको छ । राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता अन्तर्गत ६ वटा खेलहरु आयोजना हुने गरेको छ । प्रतियोगिता अन्तर्गत छात्र-छात्रा एथलेटिक्स, भलिबल, कबड्डी, उशु, कराते र तेक्वान्दो हुने गरेको छ । नवलपुरमा प्रतियोगिता आयोजनाका लागि परिषदले गठन गरेको अध्ययन समितिले एथलेटिक्स नवदुर्गा खेल मैदान कावासोती, भलिबल देवचुली, तेक्वान्दो गैंडाकोट, उशु र कबड्डी कावासोतीमा तथा कराते मध्यविन्दुमा गर्ने गरी तय गरेको छ ।

# रोटरी क्लब अफ गण्डकीको आयोजनामा निशुल्क स्वास्थ्य शिविर

**पोखरापत्र संवाददाता**
पोखरा, २२ पुस



पोखराः रोटरी क्लब अफ गण्डकीले आयोजना गरेको निशुलक स्वास्थ्य शिविरमा ३ सय १२ जनाले सेवा लिएका छन् ।

रोटरी क्लब अफ गण्डकीले शनिबार पोखरा महानगरपालिका-१७ छोरेपाटनमा आयोजना गरेको निशुल्क स्वास्थ्य शिविरमा ३ सय १२ जनाले स्वास्थ्य जाँच गराएका हुन् । निशुल्क स्वास्थ्य शिविरमा नेपाल आयुवेद औषधी व्यवसायी संघ कास्की र लाईफकेयर डाइनोस्टिक एण्ड रिसर्च सेन्टर प्रा.लिले प्राविधिक सहयोग गरेका थिए ।

क्लबका अध्यक्ष किसान सुनारले सामाजिक उत्तरदायित्व बहन गर्ने उद्धेश्यले निशुल्क स्वास्थ्य शिविर सञ्चालन गरेको बताए । 'रोटरी क्लबले सामाजिक उत्तरदायित्वमा रहेर काम गर्दै आएको छ, मेरो कार्यकालमा पनि सामाजिक उत्तरदायित्वमा रहेने नै काम गर्ने प्रतिवद्धता गरेको छु', सुनारले भने, 'आजको स्वास्थ्य शिविर आर्थिक अवस्था कमजोर भएका स्थानीयहरुलाई मध्यनजर गरेर सञ्चालन गरेका छौं ।'

उनका अनुसार निशुल्क स्वास्थ्य शिविरमा हाडजोर्नी तथा नशा सम्बन्धी, श्वास कास शिर रोग, स्त्री तथा प्रसुति रोग, पेट सम्बन्धी रोग र गुद्द्धार सम्बन्धी रोगको निशुल्क जाँच तथा औषधी वितरण गरिएको थियो ।

रोटरी क्लब अफ गण्डकीले आयोजना गरेको निशुल्क स्वास्थ्य शिविरको उद्घाटन रोटरी डिस्ट्रिक ३२९२ का पूर्व गभर्नर पिडिजी किरणलाल श्रेष्ठले गरेका थिए । पोखरा महानगरपालिका-१७ वडा कार्यालय, बाराही टोल सुधार समिति र पुल्चोक टोल सुधार समितिको स्थानीय व्यवस्थापनमा स्वास्थ्य शिविर सम्पन्न भएको थियो ।

# मन्टेश्वरी एशोसिएसन कास्कीको अध्यक्षमा भवानी

**पोखरापत्र संवाददाता**
पोखरा, २२ पुस



मन्टेश्वरी एशोसिएसन कास्कीको आठौं वार्षिक साधरण सभा तथा चौथो अधिवेशनवाट भवानी अधिकारी(वराल) अध्यक्ष पदमा चयन हुनु भएको छ ।


शनिवार भएको अधिवेशनले समितिको उपाध्यक्षमा लीटील गार्डेन मन्टेश्वरी रिता पौडेल (रितु) , सचिवमा हेवन्ली गार्डेन मन्टेश्वरीका रीता देवी सुवेदी, सहसचिवमा पोखरा मन्टेश्वरी थिरु थापा र कोषध्यक्षमा बुद्ध मन्टेश्वरीका अप्सरा गौतम निर्वाचित भएका छन् । त्यसैगरी सदस्यहरुमा क्रमश श्री मन्टेश्वरीका संगीता न्यौपाने अधिकारी, छुनुमुनु किन्डर वर्ल्ड नारायणी कुँवर, होलिल्याण्ड मन्टेश्वरीका गोमा कार्की थापा, मारिया मन्टेश्वरीका मीना सापकोटा बराल, गुड लक मन्टेश्वरी होम एण्ड एकेडेमीका बसन्त न्यौपाने, बिहानी मन्टेश्वरी प्रि. स्कुलका कल्पना रेग्मी, क्रिस्टल इन्टरनेशनल मन्टेश्वरीका रिना पौडेल र किड्स प्याराडाइज मन्टेश्वरीका नन्दा बस्नेत ढकाल (मन्जु) निर्वाचित भएका छन् । नव निर्वाचित अध्यक्ष भवानीले शैक्षिक गुणस्तर र सदस्य बिद्यालयहरुको हक हितका लागि सक्दो योगदान गर्ने र सबैलाई समेटी अघि बढ्ने बताउनुभयो । गण्डकी बिश्व बिद्यालका कुलपती प्रा.डा.गणेशमान गुरुङ्गले बालबालिकाको समग्र बिकासमा आमा पछिको मुख्य भुमिका मन्टेश्वरी प्रि. स्कुल संचालकको हुने हुँदा बालबालिकाको मनोभावना बुझी उपयुक्त वाताबरण प्रदान गर्नु पर्ने भन्नु भयो । कुलपती गुरुङले बालबालिकाहरुलाई सानै उमेर देखी अनुशासन, संस्कार, सस्कृतिको बारेमा पनि सिकाउनुपर्ने धारणा राख्नुभयो । लोकनाथ आचार्यले मन्टेश्वरी प्रि. स्कुलले शैक्षिक गुणस्तरमा जोड दिदै बालबालिकाको सिकाइलाई सहज र दीर्घकालिन बनाउन अभिभावकहरुलाई पनि प्रशिक्षण गर्नुपर्ने बताउनुभयो । एशोसिएसनका अध्यक्ष साल्भी मर्सानीको अध्यक्षमा सम्पन्न कार्यक्रम संस्थाका सचिव जर्नादन सुबेदीले संचालन गर्नुभएको थियो । संस्थाका उपाध्यक्ष साबित्री थापाले शुभकामना मन्तव्य राखेको कार्यक्रममा संस्थाका संस्थापक अध्यक्ष अरुना शेरचन, निर्वतमान अध्यक्ष मिलन के.सी. र सल्लाहकार कुलप्रसाद सुबेदीले पनि बालबिकास तथा मन्टेश्वरी प्रि. स्कुलका बारेमा आफ्ना भनाइ राख्नुभएको थियो । निर्वाचन प्रकृयाका लागी संस्थाका कानुनी सल्लाहकार अधिवक्ता दयाराम गौतमको संयोजकत्वमा संस्थाका सल्लाहकार कुल प्रसाद सुबेदी र संस्थाका निवर्तमान उपाध्यक्ष साबित्री थापा सदस्य रहेको निर्वाचन समिति गठन गरीएको थियो ।


## कपालको उपचार

### कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ । यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

**प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।**

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरुषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ ।

**महिला वा पुरूषमा हुने (बाझोपन) नि:सन्तानपनको सफल उपचार**

**जाँच्ने समयः** प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा ।

# करेसाबारीको तरकारी दिवा खाजामा

**पोखरापत्र संवाददाता**
म्याग्दी, २२ पुस

म्याग्दीको बेनी नगरपालिका-४ डाँडाखेतमा रहेको बालमन्दिर आधारभूत विद्यालयले आफैँ तरकारी उत्पादन गरेर दिवा खाजाका लागि प्रयोग गरेको छ।

विद्यालय परिसरमा करेसाबारी बनाएर दिवा खाजाका लागि आवश्यक पर्ने तरकारी आपूर्ति गरेको हो। विद्यालयका प्रधानाध्यापक रामप्रसाद शर्माले 'जङ्कफुड' निषेध र बालबालिकालाई सीपमूलक शिक्षा प्रदान गर्न करेसाबारीमा तरकारी उत्पादन गरेर खाजामा प्रयोग गरेको जानकारी दिनुभयो।

"स्थानीयस्तरमा पर्याप्त मात्रामा तरकारी नपाइने हुँदा विद्यालयमै उत्पादन गरेर दिवा खाजामा प्रयोग गरेका छौँ", उहाँले भन्नुभयो, "विद्यालय परिसरको खाली जग्गामा तीन ठाउँमा मौसमी, बेमौसमी तरकारी लगाएका छौँ। दिवा खाजाका लागि ताजा तरकारी किन्नुपरेको छैन।" बिदा र छुट्टीको समयमा शिक्षकले तरकारी लगाउने, गोडमेल र पानी लगाउने काम गर्छन्। कक्षा ६, ७ र ८ का विद्यार्थीलाई प्रयोगात्मक कक्षाका लागि करेसाबारीको प्रयोग गरिएको छ। बन्दा, काउली, केराउ, मुला, साग, गाँजर, मटरकोसा, सिमी, केराउ प्रजातिका तरकारी लगाएका छन्। करेसाबारी निर्माण र व्यवस्थापन गर्न विद्यालयले शिक्षक अर्जुन खत्री, सुनिता गौतम र लक्ष्मी शर्मालाई जिम्मेवारी तोकेको छ।

शिक्षक खत्रीले विद्यालयमै उत्पादन भएको तरकारी प्रयोग गर्दा विद्यार्थीले कम खर्चमा पर्याप्त र स्वस्थकर खाजा खान पाउनुका साथै तरकारी खेतीका बारेमा ज्ञान हासिल गरेका बताउनुभयो। शिक्षक गौतमले तरकारीमा प्रयोग नहुने बन्दा, मुला र काउलीको पातलाई प्रशोधन गरेर विद्यार्थीले गुन्द्रक बनाएका बताउनुभयो। उहाँका अनुसार विद्यार्थीलाई दुना टपरी बनाउने सीप पनि सिकाइएको छ। स्थानीय पाठ्यक्रमको पठनपाठन गराउने क्रममा विद्यार्थीलाई स्थलगतरूपमा खेतबारी, गोठ र फार्ममा लैजाने गरिएको छ। कक्षा ८ सम्म पठनपाठन हुने विद्यालयमा हाल ९२ विद्यार्थी छन्। कक्षा ५ सम्मका विद्यार्थीलाई दिवा खाजाका लागि सरकारले प्रतिविद्यार्थी रु १५ अनुदान दिने गरेको छ। विद्यालयका सहयोगीले नै दिवा खाजाका परिकार तयार पार्ने गर्दछन्। अर्का शिक्षक तीर्थबहादुर बानियाँले विद्यालय परिसरको खाली जग्गामा तरकारी खेती विस्तार गर्न लागिएको बताउनुभयो। खाली र बाँझो जग्गाको सदुपयोग भएको छ। विद्यालय परिसरमा सौन्दर्यकरण गर्ने उद्देश्यले फूलको बगैँचा पनि स्थापना भएको छ। विद्यालय हराभरा बनेको छ।

रमणीय वातावरणमा व्यावहारिक, जीवनोपयोगी र व्यावसायिक शिक्षा हासिल गर्न पाउँदा विद्यार्थीको सिकाइ उपलब्धि पनि बढ्न थालेको छ। फुर्सदको समयमा कमजोर सिकाइ उपलब्धि भएका विद्यार्थीका लागि उपचारत्मक कक्षा सञ्चालन गरेको छ। आठजना दरबन्दी, एकजना निजी स्रोतका शिक्षक, एकजना बालविकास र एकजना कर्मचारी छन्।

# बागलुङको पाँच पालिका अझै भाडाकै घरमा

**पोखरापत्र संवाददाता**
बागलुङ, २२ पुस

बागलुङको विभिन्न पाँच पालिका अझै भाडाकै घरबाट कार्यालय सञ्चालन गर्दै आएका छन्। जैमिनी, गलकोट, ढोरपाटन, बागलुङ नगरपालिका सहित काठेखोला गाउँपालिकाले भाडाका घरबाट सेवा प्रवाह गरिरहेका छन्।

निसीखोला, बडिगाड, तमानखोला, ताराखोला र बरेङ गाउँपालिकाको आफ्नै भवन छ। ती पालिकाले अघिल्लो कार्यकालमै भवन बनाएर सेवा दिन सुरु गरेका थिए भने बडिगाड गत वर्ष आफ्नो भवनमा सरेको थियो। जैमिन, ढोरपाटन र गलकोट नगरपालिकाको प्रशासकीय भवन निर्माणाधीन अवस्थामा छन्। काठेखोलाको भने अझैसम्म भवन निर्माण सुरुआत भएको छैन। करिब छ वर्षसम्म स्थानीयको विवादका कारण जग्गा व्यवस्थापन हुननसकेको जनाइएको छ। अघिल्लो वर्ष कार्यपालिकाको बैठकले वडा नं ६ को सामबोटमा भवन निर्माण गर्ने निर्णय गरे पनि निर्माण गर्ने भनिएको स्थान सामुदायिक वन क्षेत्र पर्ने हुँदा बाँकी प्रक्रिया पुर्‍याइरहेको गाउँपालिकाका अध्यक्ष राजु थापाले जानकारी दिनुभयो। सामबोट सामुदायिक वन उपभोक्ता समितिले भवन बनाउन दिने निर्णय गरी मन्त्रालयमा पठाएपछि भवन निर्माणका काम थाल्ने उहाँको भनाइ छ। भवन निर्माणका लागि माटो परीक्षण गर्ने काम सकिएकाले आगामी आर्थिक वर्षमा भवन निर्माण अगाडि बढ्ने अध्यक्ष थापाले बताउनुभयो। ढोरपाटनले पनि अहिलेसम्म भाडाकै घरमा कार्यालय सञ्चालन गर्दै आएको छ। उसले ढोरपाटन-१ को बुर्तिबाङ बजारमै भवन निर्माण गरिरहेको छ। अहिलेसम्म ७५ प्रतिशत काम सम्पन्न भएको नगरपालिकाकासूचनाअधिकारी चण्डिराज पौडेलले जानकारी दिनुभयो। नगरपालिकाले दुईवटा भवन भाडामा लिएर कार्यालय सञ्चालन गरिरहेको जनाउँदै हरेक महिना मासिक रु एक लाख ३० हजार भाडा तिरेर कार्यालय सञ्चालन गर्दै आएको उहाँको भनाइ छ। गलकोटले पनि भाडाकै घरमा कार्यालय सञ्चालन गरेको छ। गलकोट- ६ स्थित मजुवा फाँटमा करिब रु १४ करोडको लागतमा प्रशासनिक भवन निर्माण गरिरहेको प्रमुख प्रशासकीय अधिकृत रुद्रनारायण सापकोटाले जानकारी दिनुभयो। नगरपालिकाले आठ घर भाडामा लिएर मासिक रु एक लाख ८० हजार भाडा तिर्दै आएको उहाँले बतउनुभयो। भवन विसं २०८१ पुसमा सक्नेगरी सम्झौता भएको जनाइएको छ। जैमिनीले पनि कुस्मिशेरामा चार घर भाडामा लिएर सेवा प्रवाह गरिरहेको उपप्रमुख हरिहर शर्माले जानकारी दिनुभयो। करिब रु नौ करोडको लागतमा कुस्मिशेरा बजार नजिकै भवन बनिरहेको उहाँको भनाइ छ। हालसम्म ३५ प्रतिशत काम सकिएको जनाइएको छ। नगरपालिकाले मासिक रु एक लाख ६० हजार घरभाडा तिर्दै आएको छ। निर्माण कम्पनीले सरासर काम सके आगामी वर्ष आफ्नै भवनबाट सेवा सुरु गर्न सकिने उपप्रमुख शर्माको भनाइ छ। बागलुङ नगरपालिका विसं २०५३ मा स्थापना भयो। लामो समय बजारमा भाडा तिरेर कार्यालय सञ्चालन गर्‍यो। लामो समयसम्म बागलुङ -ं ३ स्थित रातमाटामा पक्की भवन बनाएर सेवा प्रवाह गर्दै आएको नगरपालिका आफ्नो कार्यालय छाडेर विसं २०७६ मा बागलुङ बजारमा रहेको कृषि ज्ञान केन्द्रको भवनमा सर्‍यो। हाल सोही कार्यालयबाट सेवा दिँदै आएको छ। जिल्लाका अन्य नौ पालिका विसं २०७३ मा स्थापना भएका थिए। पहिलोपटक जनप्रतिनिध आएपछि केही पालिकाले पहिलो कार्यकालमै आफ्नै प्रशासनिक भवन बनाएर सेवा सञ्चालन गरे भने केहीले अहिलेसम्म भवन नै बनाउन सकेका छैनन्।

# ने.रे.सो. पोखरा-८ उपशाखाको १७ औं साधारण सभा सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २२ पुस



नेपाल रेडक्रस सोसाइटी पोखरा-८, उपशाखाले १७ औं साधारण सभा पौष २१ गते शनिबार त्रिशक्ति पार्टी प्यालेस, सृजनाचोकमा सम्पन्न गरेको छ।

उक्त कार्यक्रम ने.रे.सो. कास्कीका सभापति डण्डराज शर्माको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो। कार्यक्रममा क्षेत्र नं. ३ का सभासद माननीय दामोदर शर्मा, जनप्रिय बहुमुखी क्याम्पस व्यवस्थापन समितिका अध्यक्ष विरेन्द्र नारायण विजुक्छे, समाजसेवी द्वय परशुराम बराल र रमेश बराल, पूर्व सभापति सोमनाथ बरालले शुभकामना मन्तव्य राखेका थिए भने कार्यक्रमको सभापतित्व पोखरा-८, उपशाखाका सभापति सीता पाण्डेले गर्नुभएको थियो। भने कार्यक्रमको संचालन उपशाखा सदस्य कुलमाया क्षेत्री गर्नुभएको थियो।

# पैसठ्ठी हजार हेक्टर बढी जमिनमा सिँचाइ पुऱ्याउने लक्ष्य

**पोखरापत्र संवाददाता**
तनहुँ, २२ पुस

तनहुँ जिल्लामा रहेका खेतीयोग्य जमिनमा बाह्रैमहिना सिँचाइ सुविधा पुऱ्याउने लक्ष्यका साथ सिँचाइ क्षेत्रमा काम भइरहेको छ। कूल पैसठ्ठी हजार हेक्टर खेतीयोग्य जमिनमध्ये एकाउन्न हजार छ सय चौध हेक्टरमा खेती गरिँदै आएको छ।

विभिन्न सिँचाइ योजना सम्पन्न गरी जिल्लामा हाल पाँच हजार सात सय बहत्तर हेक्टर क्षेत्रफल जमिनमा बाह्रैमहिना सिँचाइ सुविधा पुऱ्याइएको जिल्लास्थित सिँचाइ विकास डिभिजन कार्यालयले जनाएको छ।

खेतीयोग्य रहेका पैसठ्ठी हजार बढी हेक्टर जमिनमा सिँचाइ सुविधा पुऱ्याउने लक्ष्यका साथ का भइरहेको कार्यालयका इन्जिनियर एवं सूचना अधिकारी जगन्नाथ चापागाईंले जानकारी दिनुभयो। उहाँका अनुसार गण्डकी प्रदेश र सङ्घीय सरकारबाट विनियोजित बजेटबाट गत वर्ष एक सय ४३ योजनामध्ये ८६ योजना निर्माण सम्पन्न भएका छन्।

स्रोत सुनिश्चितता भई ठेक्का प्रक्रियाबाट काम भइरहेका योजनाका लागि कम बजेट विनियोजन हुँदा निर्माण प्रभावित हुने गरेको चापागाईंले बताउनुभयो। "भौगोलिक विकटताका कारण अधिकांश स्थानमा पानीको स्रोत नहुँदा सिँचाइ योजना महँगो हुने गरेको छ", उहाँले भन्नुभयो, "अधिकांश पाखोबारी बाँझो रहेकाले सिँचाइको पहुँच पुऱ्याइ स्थानीयवासीको जीवनस्तर माथि उकास्ने लक्ष्य रहेको छ।"

चापागाईंका अनुसार ठेक्का लागे पनि बजेट विनियोजन नहुँदा जिल्लाका चार योजना अलपत्र बनेको छ। व्यास-५ को साँघे पतेनी, बन्दीपुर-३ कोलपाटा लिफ्ट सिँचाइ योजना, ऋषिङ-५ को अठारबिसे र व्यास-५ को याम्दी खोला चापटार लिफ्ट सिँचाइ योजना रहेका उहाँले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "गत वर्ष बजेट विनियोजन भए पनि चालु आवमा बजेट विनियोजन नहुँदा निर्माण प्रभावित भएको छ।"

कार्यालयका अनुसार मुख्य योजनाका रुपमा दुई परियोजना रहेका छन्। व्यास-१० को नारेश्वर ताल जलाशय योजनाका लागि रु एक करोड ९४ लाखमा ठेक्का सम्झौता भएको छ। साथै शुक्लागण्डकी-९ मा पहाड खोला बस्ती संरक्षण कार्यका लागि रु एक करोड ८९ लाख बजेट विनियोजन भएको छ।

# 'बर्थिङ सेन्टर' र प्रयोगशालाले सहज बन्दै स्वास्थ्य सेवा

**पोखरापत्र संवाददाता**
बागलुङ, २२ पुस

तमानखोला गाउँपालिकाको स्याउलाका सर्वसाधारणलाई दुईवर्ष अघिसम्म सामान्य रगत परीक्षणको लागिसमेत कठिन थियो। रगत परीक्षणका लागि उनीहरु ढोरपाटन नगरपालिकाको मुकाम बुर्तिबाङ बजार वा सदरमुकाम बागलुङ बजार पुग्नु पर्दथ्यो।

स्याउला मात्रै होइन यहाँका सबै गाउँका सर्वसाधारणको व्यथा उही थियो। भौगोलिक हिसाबले दुर्गम मानिने तमानखोलाका अधिकांश स्वास्थ्य चौकीमा अहिले प्रयोशाला सेवा सञ्चालनमा छ। त्यहाँ सामान्य रगत, दिसापिसाबको परीक्षण हुन्छ। पालिका मुकाम बोङ्गादोभानमा रहेको बोङ्गादोभान स्वास्थ्य चौकीमा त बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्रमा हुने सबै जाँच हुन्छ। गाउँकै स्वास्थ्य चौकीबाट प्रयोगशाला सेवा पाएपछि बिरामीले छिटो उपचार पाउँछन् भने उपचार खर्च घटेको छ। तमानखोला जस्तै निसिखोला गाउँपालिकाका स्वास्थ्य संस्थामा पनि प्रयोगशाला सुरु भएका छन्। गाउँमै प्रयोशाला सञ्चालन हुँदा उपचार र निदानमा सहयोग पुगेको बोहोरा गाउँ स्वास्थ्य चौकीका प्रमुख कसिन्द्र शाही बताउनुहुन्छ।

'केही दिन पहिला एउटा प्रसूति व्यथा लागेकी महिला आउनुभएको थियो, एक्कासि रक्तचाप बढेको देखियो, रगत जाँच गर्दा पिसाबमा प्रोटिन देखियो,' गलकोट नगरपालिकाको नरेठाँटी स्वास्थ्य चौकीका प्रमुख दिलुप्रसाद सुवेदीले भन्नुभयो,"हामीले समयमा अर्को स्वास्थ्य संस्थामा पठायौँ, समयमा शल्यक्रिया भएकाले आमा र बच्चा दुवैको ज्यान बच्यो।"स्थानीय तह गठनपछि गाउँगाउँमा प्रयोशाला सेवा सञ्चालन सुरु भएका छन्। स्थानीय तहले स्थापना गर्ने र बन्द गर्ने गरेका कारण जिल्लामा प्रयोगशालाको वास्तविक तथ्याङ्क तयार भइसकेको छैन। तर केही वर्ष पहिलेभन्दा दुर्गममा खुलेका प्रयोशालाका कारण सर्वसाधारणले पाउने सुविधामा धेरै अन्तर आएको छ।

'प्रयोशालाले उपचार र निदानमा धेरै सहयोग गरेको छ, अब गाउँमा आवश्यकता भनेकै प्रभावकारी प्रयोगशला हो,' गलकोट नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख सुशील पौडेलले भन्नुभयो,"जिल्लाभर ३८ वटा प्रयोशला सञ्चालनमा रहेको स्वास्थ्य कार्यालयको तथ्याङ्क छ।" सदरमुकाम बागलुङ बजारमा एकमात्रै सरकारी अस्पताल छ। कुश्मीशेरा, गलकोट र बुर्तिबाङमा प्राथमिक स्वास्थ्य केन्द्र छन्। भौगोलिक अवस्थाका कारण यहाँका गर्भवतीलाई सुत्केरी हुने समयमा नजिकै 'बर्थिङ सेन्टर' नहुँदा सधैँ सास्ती हुने गरेको थियो।


## शिक्षक आवश्यकता

यस विद्यालयमा संचालित प्राविधिक तथा व्यावसायिक धार बाली विज्ञान विषय अन्तर्गत माध्यमिक तह (कक्षा ९-१२)को अनुदान कोटामा रिक्त सहायक प्रशिक्षक पदमा करारमा नियुक्ति गर्न शिक्षा महाशाखा, पोखरा महानगरपालिका, कास्कीको मिति २०८०/०९/२२ को चलानी नं. ४२० मा प्राप्त अनुमति अनुसार निम्नलिखित पद परिपूर्तिका लागि सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र १८ वर्ष पुरा भई ४० वर्ष ननाघेका योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट रितपूर्वक दरखास्त आव्हान गरिन्छ।

| क्र.स. | विज्ञापन नं. | पद | तह | विषय | श्रेणी | संख्या | प्रकार |
|---|---|---|---|---|---|---|---|
| १ | ०४/०८०/०८१ | सहायक प्रशिक्षक | नि.मा.वि. कक्षा (९-१२) | कृषि (बाली विज्ञान) | तृतीय | १ | अस्थायी करार |

१. शैक्षिक योग्यता: मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विषयमा कम्तिमा आई.एस्सी.एजी. उत्तीर्ण गरेको हुनुपर्ने।
२. छनौटका आधारहरु: लिखित परीक्षा, कक्षा अवलोकन तथा अन्तर्वार्ता।
३. उम्मेदवारले दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु:
निवेदन, न्यूनतम शैक्षिक योग्यताको साथै माथिल्लो तहको योग्यता भएमा सो प्रमाणपत्रको छाँयाप्रति, नागरिकताको प्रमाणपत्रको छायाप्रति।
४. दरखास्त दस्तुर: रु १,५००।- तिरेको सक्कल रसिद।
५. दरखास्त बुझाउने अन्तिम मिति तथा सम्पर्क मिति: २०८० माघ ७ गते कार्यालय समयभित्र।
६. तलब स्केल: नेपाल सरकारको नियमानुसार।
७. परीक्षा सम्बन्धी जानकारी सम्पर्क मितिमा गराइनेछ।
विस्तृत जानकारीको लागि विद्यालय प्रशासन वा फोन नं. ९८४६६०३११० मा सम्पर्क गर्न सक्नुहुनेछ।

**श्री महेन्द्र माध्यमिक विद्यालय**
**पोखरा-२०, भलाम, कास्की फोन नं. ०६१-६२१५६५**



आयो टप्प टिप्यो लग्यो मिति पुग्यो, टारेर टर्दैन त्यो।
इन्द्रै विन्ति गरुन् झुकेर पदमा, त्यो विन्ति मान्दैन त्यो॥

## हार्दिक समवेदना



जन्मः वि.सं. २०००/१०/१५ गते
स्वर्गारोहणः वि.सं. २०८०/०९/१९ गते

**स्व. रत्न बहादुर श्रेष्ठ**

यस गुठीका नायो पोखरा-४ गणेशटोल निवासी **रत्न बहादुर श्रेष्ठ** को निधनले हामी गुठी परिवार अति नै मर्माहत र स्तब्ध भएका छौं। उहाँको स्वर्गारोहण भएको आज पाचौं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्ति र स्वर्गवासको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं साथै शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति भगवानले प्रदान गरून् भनि हार्दिक समवेदना प्रकट गर्दछौं।

**श्री पंचमी गुठी परिवार पोखरा**